# <u>सूची दर्ता गर्ने बारेको सूचना (दोश्रो पटक प्रकासन मिति :२०७९ असार १७ )</u>

यस नेपाल स्वास्थ्यको लागि पानी (नेवा)का लागि आ.व २०७९/२०८० को लागि तल उल्लेखित आवश्यक विविध सामाग्रीहरु तथा सेवाहरु आपुर्ती गर्ने प्रयोजनको लागि संम्वन्धित विषयको कारोवार गर्न नेपाल सरकारको संम्वन्धित निकायवाट इजाजत प्राप्त गरेका इच्छुक रजिस्टर्ड फर्म/कम्पनी तथा व्यक्तिहरुले आफुले आपुर्ती गर्न चाहको सामाग्री वा सेवाको विवरण सहित सुचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा दर्ता प्रकृयामा सहभागि हुन यो सुचना प्रकाशित गरिएको छ ।

**क) संस्थालाई आवश्यक विविध सेवा तथा सामाग्रीहरु :**

१) हवाई टिकट (राष्ट्रिय तथा अन्तराष्ट्रिय)
२) चारपाङ्गे मोटर मर्मत सेवा
३) मोटरसाइकल मर्मत सेवा
४) कर्मचारी पदपूर्ति सम्बन्धी कार्य
५) सामुहिक तथा व्यक्तिगत दुर्घटना, स्वास्थ्य उपचार र सस्थाको अचल सम्पतीको (Fixed Assets) विमा संम्वन्धि कार्य
६) पानीको गुणस्तर जांच गर्ने उपकरण तथा reagent उपलव्ध गराउने सेवा
७) इन्टरनेट सेवा सम्वन्धी कार्य

***<u>नोट : यस कार्यालयले मिति २०७९ जेठ १७ गते ( ३१ May २०२२) प्रथम पटक प्रकाशित सुचना अनुसार सुचि दर्ताको लागि आवेदन दिइसकेका आपुर्तीकर्ता एवम सेवा प्रदायक फर्महरुबाट पुन आवेदन दिन पर्ने छैन ।</u>***

सुची दर्ता आवेदनको लागि http://newah.org.np/notice मा भएको ToR वमोजिम २०७९ असार २३ ( ७ July २०२२) गते वेलुकी ५ वजे भित्र तल उल्लेखित ठेगानामा पेश गरिसक्नु पर्नेछ ।

(सुचीदर्ताको दरखास्त बुझाउने ठेगाना)

**नेपाल स्वास्थ्यको लागि पानी (नेवा)**

प्रधान कार्यालय, लोहसाल काठमाण्डौ

# Terms of References (ToR) for Enlisting Standard List

*सुची दर्ता संम्वन्धका शर्तहरु*

**१, भूमिकाः**

नेपाल स्वास्थ्यको लागिपानी (नेवा) नेपालको एक राष्ट्रिय गैर सरकारी संस्था (NGO) हो जसले स्वच्छ पिउने पानी, सरसफाइ तथा स्वच्छताको प्रवर्धनका लागि कार्य गरिरहेको छ । सन् १९९२ मा यसको स्थापना भए देखि हालसम्म नेवाले देशका ५१ जिल्लामा कार्यरत रही लगभग एक्काइसलाख अर्थात कुल जनसंख्याको ७% जनसंख्यालाई लिंङ्ग, जात, जनजाती तथा वर्गको विभेद नगरि सुरक्षित खानेपानी, स्वास्थ्यशिक्षा तथा आधारभूत सरसफाइ सुविधामा पहुंच तथा सेवा पु-याइरहेको छ ।

**२, उद्देश्यः**

यस ToR (सान्दर्भिक शर्तहरु) को उद्देश्य सम्भावित तथा योग्य आपूर्तिकर्ताहरुबाट आवश्यक सामग्रीहरु तथा सेवा आपूर्ति गर्न पाउं भनि **सूची दर्तामा** समावेश गराउनु रहनेछ । नेवाको खरीदप्रक्रिया नीति बमोजिम छनौट भएका योग्य आपूर्तिकर्तालाई मात्र ततपश्चातको प्रक्रियामा समावेश गराइनेछ ।

**३, कार्य क्षेत्र/विवरणः**

नेवा प्रधान कार्यालयले निर्धारण गरेको आवश्यक परिमाण अनुसारका सामग्री तथा सेवाहरु सम्भावित तथा योग्य आपूर्तिकर्ताहरुबाट तपसिलमा उल्लेखित वर्गीकरण गरिएका सामग्रीहरुको आपुर्तिका लागि **सूची दर्ता** आवेदन पेश गर्नु पर्नेछ ।

**क) संस्थालाई आवश्यक विविध सेवा तथा सामाग्रीहरु :**

१) हवाई टिकट (राष्ट्रिय तथा अन्तराष्ट्रिय)
२) चारपाङ्गे मोटर मर्मत सेवा
३) मोटरसाइकल मर्मत सेवा
४) कर्मचारी पदपूर्ति सम्बन्धी कार्य
५) सामुहिक तथा व्यक्तिगत दुर्घटना, स्वास्थ्य उपचार र सस्थाको अचल सम्पतीको (Fixed Assets) विमा संम्वन्धि कार्य
६) पानीको गुणस्तर जांच गर्ने उपकरण तथा reagent उपलव्ध गराउने सेवा
७) इन्टरनेट सेवा सम्वन्धी कार्य

**५.सुचीदर्ता (Enlisting )का लागि आवश्यक कागजात तथा शर्तहरु :**

- आवेदनपत्र साथमा सम्बन्धित कार्य गर्न पाउने इजाजतपत्र, मुल्यअभिबृद्धि कर दर्ता प्रमाणपत्र,आ.व. २०७७०७८ को कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्ने छ ।
- आपूर्तिकर्ताको मुख्य व्यवसाय आपूर्ति कार्यसंग सम्वन्धित रही २ वर्षको अनुभव हुनुपर्ने छ ।
- एउटै फर्मले एक भन्दा बढी समूहमा कार्य गर्ने भए छुट्टा छुट्टै निवेदन पेश गर्नुपर्नेछ ।
- साझेदारितामा विविध फर्म खोलिएको भए कुनै एक फर्मले मात्र निवेदन पेश गर्नुपर्नेछ । सो को पुष्टिकालागि संस्थाको वेव साइट http://newah.org.np/notice मा उपलब्ध नमूना अनुसारको स्वघोषित फारम (Self Declaration Form) निवेदन साथ पेश गुर्नपर्नेछ, अन्यथा आवेदन रद्द हुनेछ ।

१. उपरोक्त बमोजिम सुचि दर्ताका लागि आवेदन दिँदा सम्बन्धित "**आवश्यक कागजात तथा शर्तहरु"** मा उल्लेख गरिएका सबै ब्यहोरा तथा प्रमाणपत्रहरु अनिवार्य संलग्न गर्नुका साथै शिलबन्दी गरि खाममा फर्मको नाम,छाप र सम्पर्क नम्बर सहित पेश गर्नुपर्नेछ ।

२. सामग्रीको कम मुल्यमात्र आपूर्तिकर्ता छनौटको आधार हुनेछैन, गुणस्तर, फर्मको विगतको कार्य अनुभव तथा सामग्री आपूर्तिगर्न सक्ने क्षमतालाई पनि छनौटको आधार मानिनेछ ।

३. आसयपत्रको आवेदन २०७९ असार २३(७ July २०२२) गते बेलुकी ५बजे भित्र तपशिलमा उल्लेखित ठेगानामा पेश गरिसक्नु पर्नेछ । म्याद नाघी वा माथि उल्लेखित कागजातहरु नपुग भइ प्राप्त हुन आएका आवेदनहरु मान्य हुने छैनन् ।

४.प्राप्त आवेदनहरुलाई सूचीकृत गर्ने वा नगर्ने भन्ने अन्तिम निर्णय गर्ने अधिकार यस संस्थामा निहीत रहने छ ।

सुचि दर्ता आवेदन दिने ठेगाना


**नेपाल स्वास्थ्यको लागि पानी (नेवा)**

NEWAH
Nepal Water for Health

प्रधान कार्यालय, लोहसाल काठमाण्डौ

टेलिफोन नं: ४०१५६०८,४०१५७०७